गाउँपालिका केन्द्र देखी हरेक वडा कार्यालय र हरेक टोल टोलमा मोटरबाटोको पहुँच पुगेको छ । वोरङखोला विचौर सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ, गाउँपालिकाका मुख्य सडक ग्राभेल गर्ने काम निरन्तर चलिरहेको छ । लामागाउँ सामघडेरी सडक स्तरोन्नती अन्तर्गत ठेक्का समझौता भई निर्माण कार्य शुरुवात हुने चरणमा रहेको छ, प्यारजुङ पात्ले सडक स्तरोन्नतीको काम निरन्तर छ । विभिन्न स्थानमा कृषि सडक निर्माण कार्य सम्पन्न भएको छ । हालसम्म गाउँपालिका भित्र कच्ची सडक १४९.३ कि मि निर्माण सम्पन्न भएको छ ।

**२ भवन निर्माण तर्फः**

भौतिक संरचना अभावमा सेवा प्रवाहमा परेको कठिनाइलाई संवोधन गर्न गाउँपालिकाको प्रशासकिय भवन निर्माणको कार्य प्रारम्भ भएको छ । ५ वटा वडा कार्यालयहरुको आफनै भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ, स्वास्थ्य तर्फका भवनहरुमा विचौर स्वास्थ्य चौकी स्तरोन्नती कार्यक्रम अन्तर्गत अलकाचौरमा १५ शैयाको अस्पताल निर्माण कार्य सुरुवात गरिएको छ । आधारभूत स्वास्थ्य केन्द्रहरुको भवन निर्माण गरिएको छ , विद्यालय भवनहरु निर्माण साथै विद्यालयहरुमा कम्पाउन्डिङ तथा छेकबार निर्माणको काम गरिएको छ , अन्य संघसंस्थाका तथा सामुदायिक भवन निर्माण , सार्वजनिक शौचालय निर्माण, साथै राष्ट्रिय पुनः निर्माण प्राविधिकरण अन्तर्गत निजि आवास निर्माणको काम निरन्तर चलिरहेको छ ।

**३ खानेपानी तर्फः**

गाउँपालिकाको हरेक टोलमा खानेपानी सेवा विस्तार गरिएको छ । वडा नं. २ र ३ मा एक घर एक धारा कार्यक्रम सम्पन्न भएको छ । वाँकी वडाहरुको लागि

दुधपोखरी गाउँपालिका बृहत खानेपानी आयोजना निर्माण गर्नका लागि संघीय सरकार सँग आवश्यक समन्वय गरी कार्यान्वयन चरणमा अगाडि बढाईएको छ, एक घर एक धारा कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिएको छ ।

**४ पर्यटकीय पूर्वाधार तथा कार्यक्रम तर्फः**

गाउँपालिका भित्रको पर्यटन प्रवर्धन गर्न लेभारच्यो र इलमपोखरीमा ताल निर्माण, गौंडाकोटमा भ्यु टावर निर्माण कार्य सम्पन्न भएको साथै देउराली, लेभारच्यो, इलमपोखरी लगाएतका पर्यटकीय स्थानलाई मोटरबाटोले जोड्ने काम भएको छ । गाउँपालिकाको घमरचोक र गौंडामा होमस्टे संचालनमा आएको छ । ईलमपोखरी देखी लिपे हुँदै दुधपोखरी सम्म पुग्ने पदमार्ग निर्माणको काम प्रारम्भ भएको छ ।

**ख) आर्थिक विकास अन्तर्गत**

**१ कृषि सेवा तर्फः**

अनुदान स्वरुप ११० थान प्लास्टिक सिट टनेल , ११२ थान खाली मौरी घार वितरण, २१ वटा मौरी सहित घार वितरण , फलफुल बिरुवा वितरण, ५६ थान हाते ट्याक्टर मौसमी तथा बेमौसमी तरकारी बिउ वितरण, साना सिँचाई कार्यक्रम अन्तर्गत पाईप वितरण, माटो परीक्षण तथा माटो सुधारका लागि  चुना वितरण गरिएको, कृषक समुह गठन, अलैंची प्रशोधनको लागि भट्टी निर्माण, माछापोखरी निर्माण, व्यवसायिक कृषकहरुलाई विभिन्न तालिमहरु संचालन गरिएको ।

**२ पशु सेवा तर्फः**

हिउँदे घाँस, बर्षे घाँस, बहुबर्षे घाँस र डाले घाँसका बिरुवा वितरण गरिएको, व्यवसायिक कृषकहरुलाई पशुपंछि पालन सम्बन्धी तालिम दिईएको, पाडापाडी संरक्षण, कुखुराका चल्ला वितरण, बाख्रा भैसी  भेडा पालक समूहलाई अनुदान वितरण गरिएको, भैसी,बाख्रा,भेडा पकेट क्षेत्र संचालन गरिएको, प्राकृतिक गर्भाधानको लागि उन्नत जातका राँगा, वोयर बोका, भेडाको थुमा वितरण गरिएको, पशुहरुको रोग निधान तथा औषधी उपचार, खोप, गोबर परिक्षण, डिपिङ कार्यक्रम, लजिष्टिक सपोर्ट जस्ता कार्यक्रमहरु र व्यवसायिक फर्महरुलाई जैविक सुरक्षा सामाग्री वितरण गरिएको ।

**ग) सामाजिक विकास अन्तर्गत**

**१. शिक्षा तर्फः**

विद्यालय छात्राहरुलाई सेनेटरी प्याड वितरण, विद्यार्थीहरुलाई दिवा खाजा, बालविकास कक्षा सुधार र बालविकास केन्द्रका शिक्षकका लागि प्रोत्साहन, शिक्षकहरुलाई मासिक तलब उपलब्ध गराईएको, विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन तथा प्रतिभा पहिचान जस्ता विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिएको, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन ,  शिक्षकहरुको पेशागत क्षमता विकास तालिम, प्रश्नपत्र निर्माण कार्यशाला, प्रधानाध्यापक नेतृत्व विकास तालिम, विधालयको आन्तरिक दरबन्दि मिलान कार्यक्रम, कोभिड-१९ को प्रभावबाट विद्यालयमा भएको शैक्षिक क्षति न्यूनिकरण गर्नका लागि आवश्यक पठनपाठन सामाग्री (अभ्यास पुस्तिका) वितरण गरिएको छ ।

**२ स्वास्थ्य तर्फः**

नियमित राष्ट्रिय कार्यक्रमतर्फका पोषण, क्षयरोग, दादुरा रुवेला खोप, आमा सुरक्षा जस्ता कार्यक्रमहरु सम्पन्न, आवश्यकता अनुसारका औषधी तथा स्वास्थ्य

